एक व्यक्तिले पाप गर्यो र भन्यो: हे अल्लाह! मेरो पापलाई क्षमा गर्नुहोस्

अबू-हुरैरह (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले हदीस कुद्सीमा भन्नुभएको छ : अल्लाह भन्नुहुन्छ : "एक व्यक्तिले पाप गर्यो र भन्यो:
हे अल्लाह! मेरो पापलाई क्षमा गर्नुहोस्, तब अल्लाहले भन्नुभयो: मेरो दासले पाप
गर्यो र त्यसपछि उसले महसुस गर्यो, उसको एक पालनकर्ता छ, जसले उसको पापलाई क्षमा गर्नुहुन्छ र सजाय पनि दिनुहुन्छ । त्यसपछि उसले फेरि पाप गर्यो र भन्यो: हे मेरो पालनकर्ता, मेरो पापहरू क्षमा गर्नुहोस्! तब अल्लाहले भन्नुभयो: मेरो दासले पाप
गर्यो र त्यसपछि उसले महसुस गर्यो, उसको एक पालनकर्ता छ, जसले उसको पापलाई क्षमा गर्नुहुन्छ र सजाय पनि दिनुहुन्छ । [हे मेरा उपासक] तिमी जे चाहन्छौ गर, मैले तिमीलाई क्षमा गरें ।”
[सही] [मुत्तफकुन अलैहि]

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) आफ्नो पालनकर्ता का बारेमा बयान गर्नुहुन्छ, जब एक व्यक्तिले पाप गर्छ र त्यसपछि भन्छ, "हे अल्लाह!" मलाई माफ गर्नुहोस्! तब अल्लाह भन्नुहुन्छ: मेरो दासले पाप गरेको छ र उसलाई विश्वास छ, उसलाई माफ गर्ने वा सजाय दिने उसको एक पालनकर्ता हुनुहुन्छ । त्यसैले मैले उसलाई माफ गरें । त्यसपछि जब व्यक्तिले फेरि पाप गर्छ र भन्छ, हे मेरो अल्लाह! मलाई माफ गर्नुहोस्, तब अल्लाह भन्नुहुन्छ, मेरो दासले पाप गरेको छ र उसलाई विश्वास छ, उसलाई माफ गर्ने वा सजाय दिने उसको एक पालनकर्ता हुनुहुन्छ । त्यसैले मैले उसलाई माफ गरें । त्यसपछि जब व्यक्तिले फेरि पाप गर्छ र भन्छ, हे मेरो अल्लाह! मलाई माफ गर्नुहोस्, तब अल्लाह भन्नुहुन्छ, मेरो दासले पाप गरेको छ र उसलाई विश्वास छ, उसलाई माफ गर्ने वा सजाय दिने उसको एक पालनकर्ता हुनुहुन्छ । त्यसैले मैले उसलाई माफ गरें । जबसम्म परिस्थिति यस्तो छ, उसले हरेक पटक पाप गरेपछि तुरुन्तै पाप गर्न छोड्छ, लज्जित हुन्छ र फेरि पाप नगर्ने संकल्प गर्छ, तर स्वार्थको मोहमा परेर फेरि पाप गर्छ । जबसम्म यो अवस्था रहन्छ, अर्थात् उसले पाप गर्छ र पश्चात्ताप गर्छ, तबसम्म म उसलाई क्षमा गरिरहनेछु । किनभने पश्चात्तापले पहिलेका पापहरू मेटाउँछ ।

http://www.sunnah.global/hadeeth/ne/show/4817